तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : १८ मिति :२०७७ /१२/१२

भाग-२

तमानखोला गाउँपालिका

## तमानखोला गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि,२०७७

आज्ञाले,

विकास लम्साल

प्रमुख प्रशासकीय अधिकृत

# प्रस्तावना

तमानखोला गाउँपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन, व्यवसाय संचालन मार्फत गाँउपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धनमार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले तमानखोला गाउँकार्यपालिकाद्वारा यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम " तमानखोला गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७७" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"कार्यालय"** भन्नाले यस तमानखोला गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(ख) **"शाखा"** भन्नाले यस तमानखोला गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) **"वडा कार्यालय"** भन्नाले यस तमानखोला गाउँपालिका अन्तर्गतका ६ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) **"अध्यक्ष"** भन्नाले यस तमानखोला गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ ।

(ङ) **"उपाध्यक्ष"** भन्नाले यस तमानखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ ।

(च) **"कार्यपालिका सदस्य"** भन्नाले यस तमानखोला गाउँपालिकाको सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ ।

(ज) **"वडा समिति"** भन्नाले यस तमानखोला गाउँपालिकाको ६ वटै वडाका समितिहरु सम्झनुपर्नेछ ।

(झ) **"व्यवसायी"** भन्नाले यस तमानखोला गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) **"कार्यविधि"** भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि - २०७७" सम्झनुपर्नेछ ।

३. **क्षेत्रः** यस तमानखोला गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. **विषयगत क्षेत्र** : विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन् ।

(क) दैनिक उपभोग्य सामग्रीहरुखाद्यन्न, थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म ।

(छ) औषधि पसल आदि ।

# परिच्छेद - २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

**५. व्यवसाय दर्ता प्रकृया :**

(१) व्यवसाय दर्ता गर्नुपर्ने : प्रत्येक व्यवसायीले गाउँकार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गरिने : व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यम बाट प्रकाशन गरिनेछ ।

(३) तोकिएको समय भित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले असार मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नु पर्नेछ । साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरि सक्नुपर्नेछ ।

**६. दर्ताका लागि आवश्यक कागजातहरु :**

६.१. व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची ३ बमोजिमको ढाँचामा गाँउकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) भाडामा घर लिई व्यवसाय सञ्चालन गरेको भए घरमूलीसँग सम्झौता गरेको कागजात

(७) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

७. **प्रमाणपत्र सम्वन्धी व्यवस्था :**

(१) माथि ६.१ मा उल्लेखित कागजातहरु प्राप्त भईसके पश्चात तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

८. **व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था** :प्रत्येक व्यवसायीले आर्थिक बर्षको श्रावण मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्यरुपमा गाउँकार्यपालिका बाट नविकरण गरिसक्नुपर्नेछ । व्यवसाय नवीकरण को प्रमाणपत्र कार्यालयले व्यवस्था गरेबमोजिम हुनेछ ।

अन्य निकायमा दर्ता भई यस पालिका क्षेत्रभित्र संचालित व्यवसायको गाउँपालिकाबाट संचालन अनुमति लिई बार्षिक रुपमा नविकरण गराउनु पर्नेछ ।

९. **व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था**

:(१) व्यवसाय दर्ता/नविकरण सम्वन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) चालु आ.व.को हकमा अनुसूची- २ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) आ.व.समाप्त भएपछि व्यवसाय दर्ता /नविकरण शुल्कमा गाउँकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता /नविकरण शुल्क सम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

# परिच्छेद - ३

# अनुगमन तथा कारबाही

१०. **मूल्यसूची सम्वन्धी व्यवस्था :** सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

**११. बजार अनुगमन सम्वन्धी व्यवस्था :**

(१) यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गर्न गाँउकार्यपालिकाले बजार अनुगमन निर्देशिका जारी गर्न सक्ने छ ।

१२. **दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्था :** देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सक्ने छ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामग्रीहरु बेचविखन गरेमा

(ग) कालोबजारी गरेमा

(घ) गुणस्तरहीन सामग्रीहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामग्रीहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामग्रीहरु बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामग्रीहरु बेचविखन गरेमा

**१३. कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :**

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

| विवरण | जरिवाना |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रु. ५००।- |
| (ख) प्रमाणपत्र नराखेमा | रु. ५००।- |
| (ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | रु. २,०००।- |
| (घ) गुणस्तरहीन सामग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (ङ) म्याद नाघेका सामग्रीहरुबेचविखन गरेमा | रु. १०,०००।- |
| (च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामग्रीहरु बेचविखन गरेमा | रु. १०,०००।- |
| (छ) प्रदुषित, फोहोर सामग्रीहरु बेचविखन गरेमा | रु. ५,०००।- |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद - ४

## विविध

**१४. बाधा अड्काउ सम्वन्धी व्यवस्था :**

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार ब्यवस्था गर्न सक्नेछ ।

**१५. विशेष व्यवस्था :** माथि अन्यत्र जुनसुकै ब्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन, कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछ ।

**अनुसूची १**
**दफा (७) सँग सम्बन्धित**

**तमानखोला गाउँपालिका**

**गाँउपालिकाको कार्यालय**

**बोंगादोभान, बाग्लुङ**

# व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता नं. :

श्री ............................

..................................

प्रस्तुत विषयमा तपाईलाई " तमानखोला गाँउपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधी २०७७" को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्तको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| व्यवसायको प्रकार | |
| स्थान | |

प्रमाणपत्र जारी गर्नेको

सही :

(कार्यालयको छाप) नाम

पद

मिति

**अनुसूची २**
**दफा (९) सँग संबन्धित**

| **व्यवसाय कर र शुल्क (रुपैयाँमा)** | | |
|---|---|---|
| | थोक | ५०००।०० |
| | खुद्रा | ३०००।०० |
| | नविकरण थोक | १०००।०० |
| | नविकरण खुद्रा | २०००।०० |
| | दर्ता | ५००।०० |
| | नविकरण | ३००।०० |
| | ज्वलरी सुन चाँदी पसल | ५००।०० |
| | सून चाँदी जलप लगाएतका गरगहना बेचविखन | १०००।०० |
| औषधी पसल | | १०००।०० |
| दाँत बनाउने/आँखा सम्बन्धि पसल | | ३०००।०० |
| मासु पसल | | ५००।०० |
| एग्रोभेट पसल | | १०००।०० |
| स्टेशनरी | | २५०।०० |
| हजाम पसल | | १००।०० |
| कस्मेटिक पसल | | २००।०० |
| सवारी साधन मर्मत | | २५०।०० |
| सामान्य चिया पसल मात्र | | १००।०० |
| फलफुल/तरकारी पसल | | १५०।०० |
| भिडियो क्यामेरा | | ३००।०० |
| कपडा पसल | | ५००।०० |
| | थोक | १०००।०० |
| | खुद्रा | १००।०० |

| | | |
|---|---|---|
| इलेक्ट्रोनिक पसल ( घडी, रेडियो , टि.भि.,मोबाइल मर्मत ) | | २५०।०० |
| हार्डवेयर पसल | | ५००।०० |
| | स्थानीय | १००।०० |
| | बाह्य | २००।०० |
| जुत्तासिउने पसल | | ५०।०० |
| सूचीकार टेलर्स | | १००।०० |
| व्युटिपार्लर | | ५००।०० |
| फोटो स्टुडियो | | २००।०० |
| पिकनिकपार्क स्पोर्ट | | १००।०० |
| भाँडा पसल | | २५०।०० |
| | थोक | ५००।०० |
| | खुद्रा | २५०।०० |
| होटल एण्ड लज | | ५००।०० |
| होम स्टे | | २००।०० |
| गेष्ट हाउस | | ५००।०० |
| इन्धन विक्रि पसल( डरममा राखेर) एल.पि. ग्यास | | २५००।०० |
| फर्निचर पसल | | ५००।०० |
| वित्तीय बैंक नेपाल सरकारको स्वावित्व वाहेक | | २,०००।०० |
| फाइनान्स तथा लघु वित्त | | १,०००।०० |
| बहुउद्देश्यीक सहकारी ऋण, वचत प्रतिलाख | | १००।०० |
| कृषि सहकारी प्रति लाख | | १००।०० |
| | मा.वि. | १,०००।०० |
| | आधारभूत | ३००।०० |
| कम्प्युटर प्रशिक्षण | | १०००।०० |
| | सिफारिस | १५००।०० |
| | नविकरण | ५००।०० |
| | रु १० लाख भन्दा तल | ४००।०० |
| | रु १० लाख भन्दामाथि | ५००।०० |
| | नविकरण रु १० लाख भन्दा तल | १५००।०० |

| | | |
|---|---|---|
| | नविकरण रु १० लाख भन्दा तल | २५००।०० |
| राइस मिलकुटनी पीसानी | | १००।०० |
| सवारी साधन दर्ता स्कुटर, मो.सा. | | २००।०० |
| सावारी साधन दर्ता अन्य चारपाङ्ग्रे | | २००।०० |
| निजी मिनी बस,ट्राभल बस,ट्रक | | ५००।०० |
| निजी कार जीप | | ५००।०० |
| ट्र्याक्टर | | ४००।०० |
| डेरी उद्योग दर्ता | | २००।०० |
| डोका, डालो लगाएत अन्य निगालो र बाँस जन्य सामानको पसल | | १००।०० |
| आरन/काठका ठेकी तथा अन्य सामान पसल | | १००।०० |
| हाते कागज, अल्ले प्रशोधन, होजियारी | | २५०।०० |
| कभर्ड हल व्याम शाला | | २००।०० |
| | रु. १ लाख सम्म | ५००।०० |
| | रु १ लाख देखि ५ लाख सम्म | १०००।०० |
| | रु. ५ लाख देखि १० लाख सम्म | १५००।०० |
| | रु. १० लाख भन्दा माथि | २०००।०० |
| | साना तथा लघु उधोग रु १ लाख सम्म | २००।०० |
| | उद्योग दर्ता १ लाख देखि ५ लाख सम्म | ३००।०० |
| | उद्योग दर्ता ५ लाख भन्दा माथि | १०००।०० |
| | | |
| स मिल काठ चिरानी दर्ता | | ५००।०० |
| फर्निचर उधोग दर्ता | | १०००।०० |
| फर्निचर पसल दर्ता | | ५००।०० |
| निर्माण व्यवसाय दर्ता | | १०००।०० |
| | व्यवसाय, आमा समूह, कल्व लगायत दर्ता | १०००।०० |

| | | |
|---|---|---|
| | व्यवसाय, आमा समूह, कल्व लगायत सिफारिस | १००।०० |
| | व्यवसाय, आमा समूह, कल्व लगायत प्रमाणित | २००।०० |
| | व्यवसाय, आमा समूह, कल्व लगायत सम्सोधन | २००।०० |
| उल्लेखित बाहेक अन्य नविकरण शुल्क | | २००।०० |
| नयाँ पानी घट्ट दर्ता शुल्क | | २५०।०० |
| विद्युतबाट चल्ने घट्ट दर्ता शुल्क | | ५००।०० |
| ३ महिना सम्म संचालन हुने घट्ट | | १५०।०० |
| ६ महिना सम्म संचालन हुने घट्ट | | २००।०० |
| १२ महिना संचालन हुने घट्ट | | २५०।०० |

# अनुसूची ३
## दफा ६ सँग सम्बन्धित

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
तमानखोला गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
बोंगादोभान, बाग्लुङ ।

विषय : व्यवसाय दर्ता गरी पाँऊ

महोदय,

प्रस्तुत विषयमा मैले तपशील अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको प्रकार : ..................................................................

१) हालसालै खिचेको २ प्रति फोटो
२) नागरिकता प्रमाण पत्रको प्रतिलिपि
३) वडा कार्यालयको सिफारिस
४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा
६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा

**निवेदक**
**नाम :**
**ठेगाना**
**मिति**